# Legal Provision On Early Childhood Development

# नेपालमा प्रारम्भिक बाल विकास सम्बन्धी कानूनी प्रावधान

अधिवक्ता अनिल आचार्य

# नेपालमा प्रारम्भिक बाल विकास सम्बन्धी

## कानूनी प्रावधान

(१) संवैधानिक व्यवस्था

(२) कानूनी व्यवस्था

# नेपालमा प्रारम्भिक बाल विकास सम्बन्धी संवैधानिक व्यवस्था

## १) नेपाल सरकार वैधानिक कानून, २००४

**धारा ४ अनिवार्य निशुल्क प्रारम्भिक शिक्षा ।**

धारा ६० : यो कानून काम आरम्भ भएपछि सकभर चाँडो र अवस्थाले दिएसम्म भर मुलुकमा प्रारम्भिक शिक्षा निशुल्क अनिवार्य गरिदिन र मातृभूमिको सेवालाई चाहिने शिल्प शिक्षा र उच्च शिक्षाको प्रवन्ध सरकारबाट हुनेछ। साथसाथै निरक्षरता हटाउने व्यवस्था पनि जतिसक्यो उती हुनेछ। शिक्षाको मुख्य लक्ष्य नैतिक उपदेश, व्यक्तिगत योग्यता र कार्यकुशलता, राष्ट्रप्रेम र अन्तराष्ट्रिय मैत्रीभाव फैलाउने हुनुपर्दछ।

# नेपाल अन्तरीम शासन विधान, २००७

धारा ७ बेकार, वृद्ध बिरामी इत्यादी: शिक्षा पाउने हक विस्तृत रुपमा उल्लेख नगरिएको

धारा ११: निर्बल वर्ग : सरकारले विशेष ध्यान दिएर निर्बल वर्गका लागि शिक्षा

# नेपाल अधिराज्यको संविधान, २०१५

## शिक्षाको कुनै पनि संवैधानिक व्यवस्था नगरिएको

# नेपालको संविधान, २०१९

## शिक्षा सम्बन्धी कुनै पनि संवैधानिक व्यवस्था नगरिएका

# नेपाल अधिराज्यको संविधान, २०४७

धारा १८ : संस्कृति तथा शिक्षा सम्बन्धी हक : (१) नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्धन गर्ने अधिकार हुनेछ । (२) प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफनो मातृभाषामा शिक्षा दिने गरि विद्यालय सञ्चालन गर्न पाउनेछ ।

# निरन्तर........

धारा २६ : राज्यका नीतिहरु : १) सबै क्षेत्रका जनताको शिक्षाको आधारभूत विकाश, ८) राज्यले बालबालिकाको लागि नि: शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमश गर्दै जानेछ । ९) राज्यले अनाथ, अपांग, असक्तको उन्नतीका लागि शिक्षा प्रदान गर्ने । १०) आर्थिक, तथा सामाजिक रुपले पिछडिएका जनजाती र समुदायको शिक्षाको विशेष व्यवस्था गरि उत्थान गर्ने ।

# नेपालको अन्तरिम संविधान, २०६३

भाग ३ मौलिक हक धारा १७ : शिक्षा तथा संस्कृति सम्बन्धी व्यवस्था : (१) प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृ भाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ । (२) प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम माध्यामिक तहसम्म निः शुल्क शिक्षा पाउने हक हुनेछ ।

धारा ३३ राज्यको दायित्व (ज) शिक्षामा नागरिकको अधिकार स्थापित

धारा ३५ राज्यका नीतिहरु : (१) शिक्षालाई आधारभूत कुराहरुमा समावेश गरि वृद्धी गर्ने निति राज्यले अवलम्बन गरिएको ।

# नेपालको संविधान, २०७२

## भाग ३ मौलिक हक र कर्तव्य

धारा ३१ : शिक्षा सम्बन्धी हक : (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको हक हुनेछ। (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यामिक तहसम्मको शिक्षा नि: शुल्क पाउने हक हुनेछ। (३) अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम नि: शुल्क उच्च शिक्षा पाउने हक हुनेछ। (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम नि : शुल्क शिक्षा पाउने हक हुनेछ। (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विधालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ।

निरन्तर........

**धारा ३९ बालबालिकाको हक :** (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचीत स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वांगींण व्यक्तित्व विकासको हक हुनेछ । (३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

**धारा ५१ : राज्यका नीतिहरु** (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः (१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाँउदै सक्षम, प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने । (२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने ।

## निरन्तर........

(३) **उच्च शिक्षालाई** सहज, गुणस्तरिय र पहुँच योग्य बनाई क्रमश **निः शुल्क** बनाउँदै लैजाने, (४) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने ।

# कानूनी व्यवस्था

- शिक्षा ऐन, २०२८
- शिक्षा नियमावली, २०५९
- कम्पनी ऐन, २०६३
- मुलुकी देवानी संहिता, २०७४
- स्थानिय सरकार संचालन ऐन, २०७४
- सहकारी ऐन, २०७४
- अनिवार्य तथा निः शुल्क शिक्षा सम्बन्धी ऐन, २०७७
- स्थानिय निकायका शिक्षा ऐन तथा नियमावलीहरु ....

निरन्तर........

- राष्ट्रिय शिक्षा नीति, २०७६
- विद्यालय शिक्षाका लागि राष्ट्रिय प्रारुप, २०७६
- आधारभूत तह (कक्षा १..३) को पाठ्यक्रम, २०७६
- प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७
- शिक्षाको सोचपत्र, २०७९
- पूर्व प्राथमिक विद्यालय व्यवस्थापन निर्देशिका (स्थानिय तह)
- व्यवशाय कर निर्देशिका (स्थानिय तह)

# प्रारम्भिक बाल विकास सम्बन्धी कानूनले गरेका व्यवस्थाहरु

## शिक्षा ऐन, २०२८

१ शिक्षा ऐन, २०२८ को दफा २(क) पूर्व प्राथमिक विद्मालय भन्नाले चार वर्ष उमेर पूरा गरेका बालिकालाई एक वर्षको पूर्व प्रारम्भिक शिक्षा दिने विद्मालय सम्झनुपर्छ ।

दफा ३ शैक्षिक गुठी अर्न्तगत विद्मालय खोल्न चाहेमा अनुमति दिन सकिनेछ ।

दफा ११(त) नेपाल सरकारले गाउँपालीका वा नगरपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

निरन्तर........

दफा १६(घ) शुल्क सम्बन्धी व्यवस्था : (१) सामुदायिक विद्यालयले विधार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउनेछैन । (५) संस्थागत विद्यालयले विद्यार्थि सँग तोकिए बमोजिमको शुल्क लिन पाउनेछ।

दफा १६(ञ) सस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने : (१) सस्थागत विद्यालयले विद्यालयलमा भर्ना भएका कुल विधार्थी संख्याको कम्तिमा १० प्रतिशत नघट्ने गरि विधार्थीलाई निः शुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

# शिक्षा नियमावली, २०५९

नियम २(ध) शुल्क भन्नाले विद्यालयले नियम १४६ बमोजिम विधार्थी सगँ लिन पाउने शुल्क सम्झनु पर्छ ।

नियम ३.....१३, जसमा (विद्यालय खोल्नका लागि स्वीकृत, अनुमति, संचालन कार्यविधी, पूर्वाधार, शर्तहरु, धरौटी, सम्बन्धी व्यवस्था गरिएको छ ।

नियम : १४७ शुल्क सम्बन्धी व्यवस्था : (१) विद्यालयले विधार्थी सगँ लिने शुल्क सामुदायिक विद्यालय, कम्पनी तथा शैक्षिक गुठी अर्न्तगत संचालित विद्यालयका लागि छुट्टाछुट्टै हुनेछ ।

निरन्तर.....

नियम १४९ : विद्मालयले तोकेको समयमा विधार्थीले विद्मालयमा शुल्क बुझाउन पर्नेछ ।

नियम १५१ : छात्रवृत्ति तथा निः शुल्क शिक्षा सम्बन्धी व्यवस्था : (१) कक्षामा विद्मालयले प्रत्येक कक्षामा प्रथम र द्वीतिय हुने विधार्थीलाई क्रमश शत प्रतिशत र पचास प्रतिशत छात्र वृत्ति उपलब्ध गराउनुपर्नेछ (२) संस्थागत विद्मालयले कूल विधार्थी संख्याको कम्तीमा १० प्रतिशतमा नघटाई विधार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

## निरन्तर.....

नियम १५४ : विद्यालयको नामाकरण : (१) समाज तथा राष्ट्रका लागि उल्लेखनिय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवदेवी, तीर्थ स्थल वा प्राकृतिक सम्पदाको नामबाट नेपाली पन झल्कने गरि विद्यालयको नामाकरण गर्न सकिनेछ ।

नियम १७५ : विद्यालयलाई दिइने छुट र सुविधा : विदेश बाट शैक्षिक सामाग्री आयात गर्दा लाग्ने भन्सार सुविधा आंशिक वा पुरै छुट दिन सक्नेछ ।

# कम्पनी ऐन, २०६३

दफा २(क) कम्पनी भन्नाले यस ऐन बमोजिम संस्थापित कम्पनी सम्झनुपर्छ ।

(ज) मुनाफा वितरण नगर्ने कम्पनी भन्नाले कुनै उद्देश्य प्राप्तिका लागि आर्जित मुनाफा वा बचतको रकमबाट लाभांश वा अन्य कुनै रकम सदस्यहरुलाई वितरण गर्न वा भुक्तानी गर्न नपाउने शर्तमा परिच्छेद १९ अन्तर्गत संस्थापित कम्पनी सम्झनुपर्छ ।

# सहकारी ऐन, २०७४

## दफा २१ : कारोबार, व्यवशाय, उद्योग वा परियोजना संचालन गर्न सक्ने

# अनिवार्य तथा निः शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५

दफा २(छ) निः शुल्क शिक्षा भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विधार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असूल नगरी दिइने शिक्षालाई सम्झनु पर्छ ।

दफा २(झ) प्रारम्भिक बालविकास तथा शिक्षा भन्नाले ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा १ मा प्रवेष गर्नुभन्दा अगाडि दिइने एक वर्ष अवधिको बालबालिकाको सवार्वंगीण विकासमा केन्द्रीत बाल विकास तथा शिक्षा सम्झनुपर्छ ।

दफा ६ अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने (१) यो ऐन प्रारम्भ भएपछि प्रत्येक स्थानीय तह मार्फत राज्यले ४ वर्ष पूरा भई १३ वर्ष उमेर पुरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ ।

# अनिवार्य तथा निः शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५

दफा ६ अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने (२) उपदफा (१) मा उल्लेखित शिक्षाका अतिरिक्त ४ वर्षको उमेर पूरा भएपछि कम्तीमा १ वर्षको प्रारम्भीक बाल विकास तथा शिक्षा प्रदान गर्नु पर्नेछ।

दफा २० माध्यामिक तह सम्मको शिक्षा निः शुल्क हुने: (१) प्रत्येक नागरिकलाई राज्यबाट माध्यामिक तह सम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार हुनेछ।

दफा २७ निजी लगानीका विद्यालय सेवामूलक हुने : (१) निजी लगानीका विद्यालयले प्रारम्भिक बाल विकास तथा शिक्षा र आधारभूत शिक्षा सेवामूलक तथा लोककल्याणकारी हुने गरी सञ्चालन गर्नु पर्नेछ।

# अनिवार्य तथा निः शुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७

नियम २(घ) विद्यालय उमेर समुहका बालबालिका भन्नाले ४ वर्ष उमेर पूरा गरि अठार वर्ष उमेर ननाघेका बालबालिका सम्झनुपर्छ ।

नियम ५ माध्यामिक तह सम्मको शिक्षामा शुल्क लिन नहुने : सार्वजनिक विद्यालयले माध्यामिक तह सम्मको शिक्षामा देहायका कुनै पनि शीर्षकमा शुल्क लिन हुदैन :(क) विधार्थी भर्ना शुल्क, (ख) मासिक पढाई शुल्क, (ग) परीक्षा शुल्क (घ) पाठ्यपुस्तक बापतको रकम

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४

दफा ११(२)(घ) स्थानीय कर, सेवा शुल्क तथा दस्तुर : (७) सिफारिस , दर्ता, अनुमति, नविकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन।

(ज) आधारभूत र माध्यामिक शिक्षा : (१) प्रारम्भिक बाल विकास तथा शिक्षा ....नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,

(१४) आधारभूत तहको परिक्षा संचालन, अनुगमन तथा व्यवस्थापन,

(१६) नि:शुल्क शिक्षा, विधार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन

# राष्ट्रिय शिक्षा नीति, २०७६

## बुदा नं. १० नीति तथा कार्यनीति

### क. प्रारम्भिक बालविकास तथा शिक्षा

नीति १०.१ नेपाल सरकाले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी, गैरसरकारी, सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्को व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गर्ने ।

# विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६

बुदा नं.१० नीति तथा कार्यनीति

क. प्रारम्भिक बालविकास तथा शिक्षा नीति १०.१ नेपाल सरकाले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी, गैरसरकारी, सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बालविकास कक्षा र बालबिकास तथा स्याहार केन्द्को व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गर्ने ।

# आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७५

**बुदा नं.५ एकिकृत ढाँचाको पाठ्यक्रम निर्माण : क) पाठ्यक्रम एकिकृत नभएको तर अन्तरविषयगत समायोजन गरि निम्न माध्यामिक तहको नेपाली र सामाजिक विषयमा वि.सं २०४२।४३ र कक्षा १..३ को मेरो सेरोफेरो विषयका रुपमा वि.सं. २०५० मा पाठ्यपुस्तक विकास तथा कार्यान्वयन गरिएको थियो तर यो पाठ्य पुस्तक केही वर्ष प्रायोग गरिएपनि यसलाई निरन्तरता दिईएन ।** बुद्दा नं. ७

**विद्यालयको शिक्षाको तहगत संरचना :**

| विद्यालयको तह | कक्षा | उमेर समुह | शिकाइ क्षमता स्तर |
|---|---|---|---|
| आभारभूत | प्रारम्भिक बाल शिक्षा | ४ वर्ष | तह १ |
| | कक्षा १-३ | ५-७ वर्ष सम्म | |
| | कक्षा ४-५ | ८-९ वर्ष सम्म | तह २ |
| | कक्षा ६-८ | १०-१२ वर्ष सम्म | तह ३ |
| माध्यामिक | कक्षा ९-१० | १३-१४ वर्ष सम्म | तह ४ |
| | कक्षा ११-१२ | १५-१६ वर्ष सम्म | तह ५ |

# विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६

## १.३.२ विषय क्षेत्रगत समुह (Thematic Group) गठन

१. प्रारम्भिक बाल विकास तथा शिक्षा देखि कक्षा ३ सम्मको पाठ्यक्रम संरचना

**३.१.४ एकिकृत सिद्धान्तका आधारमा पाठ्यक्रम विकास** (प्रारम्भिक बाल शिक्षाको पाठ्यक्रम एकिकृत सिद्धान्तका आधारमा विकास गरिनेछ भने कक्षा १ देखि कक्षा ३ सम्मको पाठ्यक्रम पनि विषयगत पहिचान हुने गरि एकिकृत सिद्धान्तका आधारमा विकास गरि कार्यान्वयन गरिनेछ ।

# विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६

## ४.३ विद्यालय शिक्षाको तहगत संरचना र उमेर

| विद्यालयको तह | कक्षा | उमेर समुह | शिकाइ क्षमता स्तर |
|---|---|---|---|
| प्रारम्भिक बाल विकास र शिक्षा | प्रारम्भिक बालविकास र शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १-३ | ५-७ वर्ष सम्म | तह १ |
| | कक्षा ४-५ | ८-९ वर्ष सम्म | तह २ |
| | कक्षा ६-८ | १०-१२ वर्ष सम्म | तह ३ |
| माध्यामिक | कक्षा ९-१० | १३-१४ वर्ष सम्म | तह ४ |
| | कक्षा ११-१२ | १५-१६ वर्ष सम्म | तह ५ |

# काठमाण्डौं महानगरपालीका पूर्व प्राथमिक विधालय व्यवस्थापन निर्देशिका, २०७३

| बालबालिकाको उमेर समूह | विद्यार्थी संख्या ( अधिकतम) | न्युनतम शिक्षक सहजकतर्ता | शिकाई क्रियाकलापको केन्द्रविन्दु |
|---|---|---|---|
| ३ वर्ष भन्दा मूनी | ६ | १/ १ | स्याहार केन्द्र (पोषण, स्वास्थ्य , सरसफाई ) |
| ३ वर्ष देखि ४ वर्ष | १२ | १/ १ | शारिरिक तथा मानसिक विकास |
| ४ वर्ष देखि ५ वर्ष | १५ | १/ १ | सामाजिक तथा संवेगात्मक विकास |
| ५ वर्ष देखि ७ वर्ष | २५ | १/ १ | सृजनशिलता विकास (सर्वांगिण विकास) |

काठमाण्डौं महानगरपालीका शिक्षा ऐन, २०७५ जारि गरि कार्यान्वयन समेत भएको हुनाले सबै स्थानिय निकाय समेतले आ आफ्नै ऐन तथा नियमावली, निर्देशिका जारि गरि नियमन गरिएको ।

# काठमाडौं महानगरपालीका शिक्षा ऐन, २०७५

| बालबालिकाको उमेर समूह | विद्यार्थी संख्या (अधिकतम) | न्युनतम शिक्षक सहजकततर्ता | शिकाई क्रियाकलापको केन्द्रविन्दु |
|---|---|---|---|
| ३ वर्ष भन्दा मूनी | ६ | १/ १ | स्याहार केन्द्र (पोषण, स्वास्थ्य , सरसफाई ) |
| ३ वर्ष देखि ४ वर्ष | १२ | १/ १ | शारिरिक तथा मानसिक विकास |
| ४ वर्ष देखि ५ वर्ष | १५ | १/ १ | सामाजिक तथा संवेगात्मक विकास |
| ५ वर्ष देखि ७ वर्ष | २५ | १/ १ | सृजनशिलता विकास ( सर्वांगीण विकास) |

# नेपालमा प्रारम्भिक बालविकास दर्ता प्रक्रिया मोडेल

क)कम्पनी ऐन,२०६३ बमोजिम कम्पनी मोडेल(मुनाफा वितरण गर्ने/नगर्ने, ख) मूलुकी देवानी संहिता, २०७४ बमोजिम गुठी मोडेल, (ग) सहकारी ऐन, २०७४ बमोजिम सहकारी मोडेल,

## दर्ता, अनुमति र कक्षा थप सम्बन्धी व्यवस्था

१. स्कुलको विधान, २. सम्बन्धित वडा कार्यालयको सिफारिस ३. स्कुलको नाममा भवन रहेको भए सोको प्रमाण, वहालमा लिएको भए कम्तिमा ५ वर्षको सम्झौता पत्र, ४. स्कूलको पञ्च वर्षिय योजना ५. कक्षागत शिक्षक विधार्थी विवरण ६. विद्मालयको नक्सा, ७. विद्मालय व्यवस्थापन समितिको विवरण, ८. नजिकैका २ वटा विद्मालयको सहमति पत्र ९. सम्बन्धित पालिकाले तोकेको स्कुलको न्यूनतम मापदण्डको विवरण ।

# संस्थागत प्रारम्भिक बालविकास तथा पूर्व प्राथमिक विधालय संचालनमा देखिएका समस्याहरु:

१.दर्ता प्रक्रिया सम्बन्धी समस्या, २.करको दोहोरो मापदण्ड, ३.शिक्षकको योग्यता तथा तालिमको मापदण्ड, ४.शुल्क सम्बन्धी विवाद, ५. राज्यले हेर्ने दृष्टिकोण(दोहोरो चरित्र) ६.स्कूलको ग्रेडिंगमा समस्या, ७.स्कूलको नक्सांकन सम्बन्धी समस्या, ८. नामाकरण सम्बन्धी समस्या, ९. उमेर सम्बन्धी विवाद, १०.कक्षाको तहगत समस्या, ११. विधार्थी शिक्षक अनुपात, १२.पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी विवाद, १३. संस्थागत लगानीकर्ताको व्यवशायिक सुनिश्चिचता नहुनु.........आदि ।

# सामुदायिक विद्यालय र संस्थागत विद्यालयको प्रारम्भिक बालविकास तथा पूर्व प्राथमिक कक्षा संचालनमा उमेर र तहगत भिन्नता

| सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|
| तह | उमेर | तह | उमेर |
| १. प्रारम्भिक बाल विकास | ४ - ५ वर्ष | १ प्ले ग्रुप | २ - ३ वर्ष |
| | | २ नर्सरी | ३ - ४ वर्ष |
| | | ३ एल . के. जी. | ४- ५ वर्ष |
| | | ४ यु .के .जी. | ५ - ६ वर्ष |

# प्रारम्भिक बालविकास तथा पूर्व प्राथमिक कक्षा संचालनमा देखिएका चुनौतिहरु :

१.संवैधानिक चुनौति : (धारा १८: समानताको हक, धारा ३१(२) अनिवार्य र निशुल्क, धारा ३९(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ ।

२.कानूनी चुनौति : शिक्षा नि: शुल्क हुनु, निजी लगानीमा विद्यालय खोल्न दिनु,

३.शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनमा चुनौति : स्थानिय निकायलाई संविधानले एकल अधिकार दिएको स्थानिय शिक्षा ऐन तथा नियमावली बनाउँदा एकरुपता नदेखिएको । (स्वार्थ बाझिएको)

४. दोहोरो कर नीति : (संघ, स्थानिय तहमा विभिन्न शिर्षकमा)

५. स्कूल संचालक, व्यवस्थापक, शिक्षक, कर्मचारीहरुको लागि राज्यले संविधान तथा कानूनमा व्यवस्था भए बमोजिम तालिम, अनुगमन, निरिक्षण, पुरस्कार र कारबाही सम्बन्धी व्यवस्था कार्यान्वयन नहुनु,

६. व्यवसायिक लगानी संरक्षणको सूनिश्चितता नहुनु,

७. संस्थागत विद्यालयका लगानी कर्तालाई हेर्ने दृष्टिकोण सकारात्मक नहुनु,

८. संस्थागत विद्यालय प्रतिको राज्यको स्पष्ट दृष्टिकोण नहुनु,

९. स्थानिय निकाय र संस्थागत विधालय संचालकहरु बिच सौहार्दपुर्ण वातावरण नहुनु ।

**१०. शिक्षा सम्बन्धी संवैधानिक व्यवस्थालाई पूरानो शिक्षा ऐन, २०२८ ले कार्यान्वयन गर्न नसक्नु**

११. शिक्षा विधेयक संसदमा पटक पटक पेश हुँदा समेत निजी स्वार्थको काराण पास हुन नसक्नु,

## समाधानका उपायहरु :

१. : संवैधानिक सुनिश्चिततालाई कार्यान्वयन गर्नका लागि कानूनमा स्पष्ट व्यवस्था गर्नुपर्ने,

२. : प्रभावकारी नियमन, अनुगमन र नियन्त्रण गर्नुपर्ने,

३. : संस्थागत विद्यालयमा भएको लगानी सुनिस्चित हुनुपर्ने,

४. : सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा उमेर र तहगत एकरुपता हुनुपर्ने,

निरन्तर......

५ : लामो समय देखि विचाराधिन अवस्थामा रहेको विद्यालय शिक्षा ऐन मा शिक्षा सम्बन्धी संवैधानिक हकको कानूनी सुनिश्चितता हुनुपर्ने ।

६. शैक्षिक क्षेत्रमा भएको योगदानको कदर हुनुपर्ने ।

७. संस्थागत विद्यालयको गुणस्तर कायम हुनुपर्ने ।

**धन्यवाद ।।।**



**अधिवक्ता अनिल आचार्य**